सूचना टाँस गरी सोको जानकारी दिनुहुन- स्थानीय तहहरु सबै.jp

Open with ZIP Extractor

श्री IT शाखा

पालिकाको website, पालिकाको सूचनापाटी र सबै वडा कार्यालयमा सूचना पठाउने।



घरेलु तथा साना उद्योग कार्यालय

४१७
२०८१।५।२८

**लुम्बिनी प्रदेश सरकार**
**उद्योग पर्यटन तथा यातायात मन्त्रालय**
**उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**

# घरेलु तथा साना उद्योग कार्यालय

**गुल्मी, नेपाल**

## वैदेशिक रोजगारीबाट फर्केका श्रमिकहरूको सीप परीक्षण सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८१५।२६**

प्रस्तुत विषयमा यस कार्यालयको आ.व.२०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरूको सीप परीक्षण कार्यक्रम अन्तरगत वैदेशिक रोजगारीको क्रममा सिकेको सीपलाई स्वदेशमा फर्किएपछि उपयोग गरी उद्यमशील र स्वावलम्वी बन्न चाहने व्यक्तिहरूले राष्ट्रिय सीप परीक्षण वोर्ड मार्फत सीप परीक्षण गरी प्रमाणपत्र दिने व्यवस्था रहेकोले तपसिल बमोजिमका कागजात सहित यस कार्यालयमा उपस्थित भइ वा यस कार्यालयको इमेल ठेगाना csidbgulmi@gmail.com मार्फत यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र आवेदन पेश गर्नुहुन यसै सूचना मार्फत जानकारीको लागि अनुरोध छ।

**कार्यक्रमको नाम:**

- स्वीकृत कार्यविधिका आधारमा वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरूको सीप परीक्षण कार्यक्रम

**सीप परीक्षणको लागि पेश गर्नुपर्ने कागजात:**

- नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी - १ थान,
- विदेशमा रहँदा हासिल गरेको सीप सम्बन्धी भएका प्रमाणपत्र, सो नभएमा आफूसँग भएको सीपको स्वघोषणा- १ थान
- सीप परीक्षणमा लाग्ने शुल्कमा साझेदारी गर्न इच्छुक रहेको घोषणा,
- राहदानी प्रमाणपत्रको छायाँकपी - १ थान,
- विदेशमा उक्त सीप सम्बन्धी कार्य गरेको अनुभव खुल्ने कागजात,
- २ प्रति पासपोर्ट साइजको फोटो र १ प्रति अटो साइजको फोटो

**सीप परीक्षण हुने क्षेत्र:**

- सुरक्षा सेवा क्षेत्र
- सहजकारी सेवा: सवै प्रकारका सरसफाई, फोहोर व्यवस्थापन, बगैचा व्यवस्थापन, कृषि तथा कृषिजन्य उद्योग, होटल क्षेत्र, क्याटरिङ सेवा, सेल्स तथा सप्लाई सेवा, पर्यटन सेवा, व्यवसाय र उर्जा क्षेत्र।
- व्यवसाय सहयोग सेवा क्षेत्र: चालक र परिचालक, सामानको भण्डारण मर्मत सम्भार, प्राविधिक तथा परामर्श, प्लम्बर, इलेक्ट्रिसियन, डकर्मी, सिकर्मी लगायत निर्माण कार्यमा संलग्न कार्य, विभिन्न मेशिन सञ्चालन तथा अपरेटिङ सेवा लगायत विभिन्न प्रकारका उद्योग सञ्चालन।

**पुनश्च:**

- सीप परीक्षण गर्दा नेपाल सीप परीक्षण बोर्डबाट प्रति व्यक्ति लाग्ने खर्चको लागतका आधारमा कार्यालयबाट कूल लागतको ८०% र सम्बन्धित व्यक्तिले २०% खर्च व्यहोर्ने गरी सीप परीक्षणको व्यवस्था मिलाइनेछ।
- सीप परीक्षणको मिति तथा स्थान पछि प्रकाशन गरिनेछ।

**थप जानकारीको लागि:** यस कार्यालयको टेलिफोन नं. ०७९-५२०११२ तथा ९७४९७८२५०० मा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ।